नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ३९ २०७७ साल भदौं १८ गते बिहीबार (3 Sep. 2020 Thursday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : लोकतन्त्र आएरै ... ३ पृष्ठमा : पचास हजार टन युरिया ... ३ पृष्ठमा : विश्वमा एक करोड ८२ लाख ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात बर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# एकै परिवारका ६ सहित १५ जना कोरोना पोजेटिभ, सप्तरीमा संक्रमितको संख्या ८ सय २३



**दैनिक समाचारदाता**
**राजविराज, १७ भदौं ।**

सप्तरीमा बुधबार एकै परिवारका ६ जनासहित १५ जना कोरोना संक्रमित पुष्टि भएका छन् । योसँगै जिल्लामा कोरोना संक्रमितको कुल संख्या ८ सय २३ पुगेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

पछिल्लो पटक संक्रमण पुष्टि भएका मध्ये कंचनरुप नगरपालिका ६ का एकै परिवारका एक महिलासहित ६ जना छन् ।

सोही नगरपालिका वडा नं. ७ का एक महिलासहित तीन जनामा पनि कोरोना संक्रमण पुष्टि भएको छ । यस्तै तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ८ का चार तथा राजविराज नगरपालिका ४ का एक जनामा समेत कोरोना संक्रमण देखिएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवका अनुसार ती सबैको गजेन्द्र नारायण सिंह अस्पतालमा गरिएको पिसिआर परिक्षणमा कोरोना संक्रमण देखिएको हो ।

# चोरी गर्दैगर्दा पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १७ भदौं ।**

राजविराज नगर क्षेत्रमा चोरी गर्दैगर्दा एक चोरलाई स्थानियहरुले पक्राउ गरि प्रहरीलाई बुझाएका छन् ।

राजविराज १० बिरोल चौकस्थित रामकिशुन यादवको घरमा चोरी गरि मोटरसाइकल चढेर भाग्न खोज्दै गर्दा राजविराज नगरपालिका १ बस्ने २५ वर्षिय मो. मुस्ताक मियाँलाई स्थानियले पक्राउ गरि प्रहरीलाई बुझाएको हो ।

स्थानियले चोरी गरेका मियाँलाई पक्राउ गरि बाँसको खम्बामा बाँधेर कुटपिट समेत गरेका थिए । प्रहरी टोली आएपछि चोरलाई उनीहरुको जिम्मा लगाइएको वडा अध्यक्ष चन्दशेखर चौधरीले बताए ।

मियाँको साथबाट यादवको घरबाट चोरी गरिएका चाँदीका गरगहाना तथा चोरीका लागि प्रयोग गर्ने उपकरण लगायतका सामान फेला परेको प्रहरी निरिक्षक सन्तोष

*बाँकी दुई पृष्ठमा*

# काठसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १७ भदौं ।**

तस्करी गरेर लैजाँदै गरेको काठसहित सप्तरीको रुपनी गाउँपालिका १ बाट वन गस्ति टोलीले दुई व्यक्तिलाई पक्राउ गरेको छ ।

खाँडोखोलादेखि पश्चिमबाट २.१८ घनफिट तीन थान सालको काठसहित रुपनी १ का सुरेन्द्र राम र वीरेन्द्र रामलाई पक्राउ गरेको डिभिजन वन कार्यालय सप्तरीका रेञ्जर लक्ष्मण साफीले जानकारी दिएका छन् ।

पक्राउ परेकाहरूलाई सशस्त्र वन सुरक्षा शाखा शम्भुनाथको हिरासतमा राखिएको शम्भुनाथ शाखाका अधिकृत रामआशिष यादवले बताए ।

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit
prabhu Money Transfer
CITY EXPRESS
IME International Money Express
IME pay
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

# पाठ्यभार घटाएर भए पनि शैक्षिक सत्र पूरा गरिन्छ : शिक्षामन्त्री

काठमाडौँ, १७ भदौ (रासस) ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले कुनै पनि तहको शैक्षिकसत्र खेर जानेगरी कार्यतालिका बनाइने बताउनुभएको छ । अनेरास्ववियूले आयोजना गरेको भर्चुअल अन्तर्क्रियामा बुधबार उहाँले कोभिड- १९ का कारणले पढाइ सञ्चालन नभए पनि पाठ्यभार घटाएर पूर्वनिर्धारित समयावधि भित्रै शैक्षिकसत्र पूरा गर्ने बताउनुभयो ।

उहाँले वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका परिमार्जन गर्दै त्यसलाई पनि मूल्याङ्कन र परीक्षाको अभिन्न अङ्ग बनाउने धारणा राख्नुभयो । उहाँले वैकल्पिक सिकाइका लागि सरकारअन्तर्गत छुट्टै डेडिकेटेड शैक्षिक टेलिभिजन खोल्ने तयारी गरेको बताउनुभयो ।

"मैले व्यवस्थित वैकल्पिक शिक्षाका लागि प्रधानमन्त्रीज्यूसँग छुट्टै डेडिकेटेड शैक्षिक टेलिभिजन खोल्ने प्रस्ताव गरेको छु । प्रधानमन्त्रीले पनि त्यसलाई सकारात्मक लिनुभएको छ", मन्त्री पोखरेलले भन्नुभयो, "त्यस्तो टेलिभिजनबाट बिहान माध्यमिक तह, दिउँसो आधारभूत तह र साँझ विश्वविद्यालय तहलाई सिकाइने व्यवस्था मिलाइनेछ ।"

कार्यक्रममा अनेरास्ववियूका संयोजक ऐन महरले वैकल्पिक सिकाइलाई सबै विद्यार्थीको पहुँचमा पुऱ्याउनुपर्ने धारणा राख्नुभयो । अनेरास्ववियूका सहसंयोजक रञ्जित तामाङले कक्षा १२ को परीक्षाबारे अविलम्ब निर्णय गर्न आग्रह गर्नुभयो ।

भर्चुअल अन्तर्क्रियामा अनेरास्ववियुका नेता सुरेन्द्र बस्नेत, रश्मी आचार्य, सुनिता बराल, तिलकराज भण्डारी, दीपक देवकोटा, पञ्चा सिंह, विजय गौतम, उत्तम अधिकारीलगायत विद्यार्थी नेताहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा विद्यार्थी नेताले वैकल्पिक सिकाइको पुनरावलोकन गरी थप प्रभावकारी बनाइनुपर्ने, शैक्षिकसत्रलाई जोगाउनुपर्ने, अवरुद्ध परीक्षाहरू वैकल्पिक विधिबाट सञ्चालन गरिनुपर्ने, कक्षा ११ मा नयाँ पाठ्यक्रम कार्यान्वयन गरिनुपर्नेलगायतका विषयमा मन्त्री पोखरेललाई ध्यानाकर्षण गराउनुभएको विद्यार्थी नेता बस्नेतले जानकारी दिनुभयो ।

### चोरी गर्दै...

खडकाले जानकारी दिए ।

चोरीका सिलसिलामा प्रयोग गरिएका मोटरसाइकलसहित पक्राउ परेका मियाँलाई जिल्ला प्रहरी कार्यालयमा राखी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# लोकतन्त्र आएरै के भो ?



**उपेन्द्र झा**

सुकीर्तिबाट आर्जन गरिएको लोकप्रियता मानवीय धरातलमा उभिएका कारण सन्तुलित र अडिग रहन्छ । त्याग, तपस्या, बलिदान र परिश्रमविहीन भाग्यको भरमा पाएको लोकप्रियता जन उत्तरदायी नभई नितान्त व्यक्तिवादी धरातलमा अस्थिर, कुनै पनि बेला ढल्ने किसिमले अडिएको हुन्छ । भारतको विरुद्ध अन्धराष्ट्रवादको नारा तथा चीनको विशेष अनुकम्पाका कारण परिस्थितिले नेकपाका अध्यक्ष केपी शर्मा ओलीलाई सगरमाथा उँचाईको समानान्तर राजनीतिक प्रतिष्ठा प्रदान गऱ्यो । यहाँ आएर प्रधानमन्त्री केपी शर्मा ओलीलाई ३ करोड जनताको प्रतिनिधित्व बोध नभएर देवत्व प्राप्त गरेको ठूलो भ्रम पऱ्यो । व्यक्तिवादी चरित्रको यस्तो उदाहरण विरलै पाइन्छ ।

आफ्नो पार्टीका सहकर्मीहरुले काम गर्न दिएन, मीडिया पनि सरकारको विरुद्ध लागेका छन्, भारतले मेरो सरकारलाई ढाल्न खोज्यो भनेर ओलीजी आफ्नो निकम्मापनलाई ढाकछोप गर्न अनेक अनर्गल व्यंग्यात्मक तर्कहरु प्रयोग गरी अरुको तेजोबध गर्न पछि पर्नु हुन्न । देश र जनताको उन्नति, प्रगतिका लागि दृढ ईच्छाशक्ति, उच्च मनोवल र अदम्य साहस भएका व्यक्तिहरु एक्लै भएपनि समृद्धि ल्याएको प्रशस्त उदाहरण पाइन्छ । आफ्नो सुकर्मबाट जनताद्वारा दृढतापूर्वक स्थापित भएका दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई विशालकाय भारत सरकारको बढ्दो प्रभावले चुनावमा केही बिगार्न सकेन । बीजेपीको अगाडि तृणकाय, केही अस्तित्व नभएका अरविन्द केजरीवाल जनताको काम गरेर अपार जन समर्थन पाएर ७० सीटमा ६३ सीट हात पारेर विजयी भई पुनर्स्थापित भए । यो परिश्रमको भरमा कमाएको लोकप्रियता थियो । दिल्लीमा आगो जस्तो फैलिई रहेको कोरोना संक्रमणले दिल्ली सरकारमाथि एकपल्ट फेरि संकटको बादल मँडारियो । सबैको सहकार्य तथा मुख्यमन्त्रीको सुझबुझबाट त्यो संकट विस्तारै हट्दै गएको छ ।

छल, प्रपंच, जाल, फरेव, धोकायी पंचगुणबाट युक्त अहिलेको नेपाली राजनीतिले आदर्श, ईमान्दारी, सच्चरित्रता, परोपकार, निःस्वार्थ सेवा आदी परम्परागत मन्त्रबाट मुक्त भएदेखि हजारौंको संख्यामा राजनीतिकर्मीलाई धनवान बनाएको सर्वविदित उदाहरण छ । व्यक्ति आर्थिक रुपले समृद्ध भए देश आफै समृद्धशाली हुने शायद यही भ्रमात्मक सोचको आधारमा सबै आफ्नो कर्मक्षेत्रमा व्यस्त रहेका छन् । छल, प्रपंच, जाल, फरेव, धोका आजको राजनीतिमा चाहिने यी पाँच गुणको आधारमा ईजीमनी आर्जन गर्न राजनीतिक क्षेत्रबाहेक अरु कुनै उर्बर क्षेत्र नहुने भएकोले ज्ञानी, अज्ञानी सबै सक्रियतापूर्वक यसमा लागेका छन् । यस्ता कृत्यलाई भ्रष्टाचार भन्नुको साटो धन आर्जन गर्ने आचार संहिता भन्न थालिएको छ । राजनीतिमा आफ्नो वर्चस्वलाई दीर्घकालसम्म बनाई राख्न र जनतालाई उपासकको रुपमा राखी राख्न धनको आवश्यकता अपरिहार्य विषय हो । यही धनले शासक र शासितको शाश्वत सम्बन्धलाई कायम राख्दछ । एउटा साँसद बन्न करोडौं खर्च गर्नेको अगाडि जनता जितेर जानेको कल्पना सात जन्मसम्म गर्न सक्दैन ।

एकपल्ट रौतहटमा घर भएर पनि जनताले माधव नेपाललाई हराई दिएपछि माधव नेपालले हारेकै अवस्थामा प्रधानमन्त्री बनेर देखाउनु भयो र पछि रौतहट निर्वाचन क्षेत्रमा कुबेरलाई पठाएर विजयी पनि बन्नु भयो । यही हो शासक र शासित बीचको भेद भनेर अप्रत्यक्ष उहाँले सबैलाई सन्देश दिनु भयो । लोकतन्त्र आएरै के भो ? यी शासकहरु जस्तो हिंसक जीवको चंगुलबाट मुक्त भए न लोकतन्त्र जनताको घरदैलोमा जाने हो । बडो कडाईका साथ कैद गरिएको लोकतन्त्रको दुर्दशा नेपाली जनताभन्दा फरक छैन ।

संघीय लोकतान्त्रिक गणतन्त्र, बिनाअवरोध दुई तिहाई नजिक रहेको बहुमतको जनादेश पाएको शक्तिशाली सरकार, कमजोर प्रतिपक्ष, चीनको सवल सहयोग आदि अनुकूल वातावरण पाएर अहिले महामारीको रुपमा देखा परेको कोरोनासँग लड्न, बाढी, पहिरोले जनधनको क्षति गरी लाखौंको संख्यामा विस्थापित गरिएका परिवारजनलाई राहत वितरणको समस्यासँग जुध्न, लकडाउनका कारण अस्तव्यस्त बनेका उद्योगधन्दा, शिक्षण क्षेत्र, आम्दानीको हरेक क्षेत्र लामो समयदेखि बन्द रहेका कारण जनतामा बढेको बेरोजगारी, मँहगी आदि कारणले जनता राहत नपाई मर्ने अवस्थामा पुग्दा यो अवस्थालाई कसरी व्यवस्था गर्ने, लामो समयसम्म बन्दाबन्दीका कारण देशको आयस्रोत ठप्प भएको अवस्थामा के गर्ने आदि देशमा रहेका यावत् समस्यासँग लडेर जनतालाई राहत पुऱ्याउनुको साटो अन्तरपार्टी संघर्ष, पार्टी पार्टीबीचको संघर्ष, भागबण्डाको संघर्ष, सरकार गिराउने संघर्ष, साजिशपूर्ण राजनीतिको खेलमा सत्तापक्ष र विपक्ष सबैको समान रुपको गैर जिम्मेवार भूमिकाले नेतृत्वका अगुवा पात्रहरु सबै असक्षम रहेको पुष्टि हुन्छ ।

यति धेरै राजनीतिक अनुकूलता प्राप्त गरेको पहिलो सरकार जसले सरकारमा गएर के के न गर्ने भनेर जनतासँग प्रतिबद्धता जाहेर गरेका थिए शासन (कुशासन होस् वा सुशासन) चलाउन यति असक्षम हुन्छ जनतालाई विश्वास गर्न कठीन भई रहेको छ । सरकार संचालनमा नेतृत्वकर्ता दायित्वविहीन भूमिकामा रहेपछि राजनीतिक अराजकता फैलिनु स्वाभाविक हो ।

देशमा फैलिई रहेको राजनीतिक अन्योलबारे जनतालाई सुसूचित गर्ने प्रतिपक्षको भूमिका पनि अन्योलग्रस्त छ । बरु सत्तामा भागबण्डा पाउने आश लिएर अवसरको खोजीमा लागेका छन् । पारस्परिक लडाईको सार सत्ताको भागबण्डा नै हो ।

अलिकतिको लापरवाहीले अमेरिकामा कोरोनाले मचाएको वितण्डाबाट पाठ सिकेर नेपालमा कोरोनाको महामारीबाट जनतालाई कसरी बचाउने भन्नेबारे तयारी गर्नुको साटो यसलाई अवसरको रुपमा प्रयोग गर्ने सरकारको नियतलाई के भन्ने ? बाढी पहिरोबाट जनधनको क्षति भई रहँदा राहत वितरण, पीडितहरुको असल व्यवस्थापन गर्नुको साटो यसमा आफ्नो राहत खोज्नु कुकृत्यको पराकाष्ठा होइन ? देशको हरेक जिल्लामा दिनहुँ भ्रष्टाचार गर्दै रंगेहात समातिएर अख्तियारको कार्वाहीमा परि जेल जाने कर्मचारीहरुबाट पाठ सिकेर सतर्क भई काम गर्नुको साटो कर्मचारीहरु कार्यालयमा निडर भएर घूस लिई भ्रष्टाचारलाई निरन्तरता दिई रहँदा यो देश कहाँ जान लागेको चिन्ताको विषय बनेको छ ।

बहुमत वा संयुक्त कुनै सरकारले आफ्नो कार्यकाल पूरा गर्न नसकेको, पारस्परिक कलहमा फँसेको नेपालको राजनीतिक इतिहासको बिडम्बना जनताले भोग्दै आएको छ । यस्तै प्रसंगमा सतीको श्राप लागेको देश भनेर जनबोलीमा रहेको उखानको चर्चा पनि हुँदै आएको छ । बहुमत पाएर कुनै बेला प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला पनि निरंकूश बनेका थिए र छत्तीसे ग्रुपको निर्माण भएको थियो । आज पनि त्यही अवस्था सिर्जना भएको छ । आधी-आधीकाल ओली र प्रचण्डले सरकार चलाउने भद्र सहमति गरि विश्वासको आधारमा पारस्परिक सहयोगको वातावरण निर्माण भएको थियो । आधी कार्यकाल बित्दा ओलीले सरकारको ताज प्रचण्डलाई दिन नमानेपछि पारस्परिक सहयोग र विश्वासको आधार भत्कियो । ओलीमा जन्मिदै गइरहेको निरंकूशता त्यतिबेला प्रष्ट रुपमा देखिएको थियो । विस्तारै निरंकूशता झाँगिदै गयो । अनेक दाउ र तर्कबाट आफूमाथि आउने प्रहारबाट बच्दै तथा प्रहार गर्ने सबै सहकर्मीलाई पन्छाउँदै नेकपाभित्र ओलीले अन्तर संघर्षलाई चरमचुलीमा पुऱ्याएर विभाजनको रेखा खिचिदिएको छ ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग प्रधानमन्त्री केपी शर्मा ओलीको केही दिनयता पारस्परिक गहन छलफललाई राजनीतिक वृतमा अर्थपूर्ण रुपमा हेरिन थालिएको छ ।

केपी शर्मा ओली सरकारको आधी कार्यकालमा नै चौतर्फी आलोचना हुनु बहुमतको दुर्भाग्य हो । देशभरि भ्रष्टाचारको ताण्डव, नियम कानूनको अनुपस्थिति, न्यायको अन्याय रुप प्रकट हुनु, चीनसँग प्रगाढ मैत्री सम्बन्ध र भारतसँग प्रगाढ तनाव सिर्जना गर्नु आदि हरेक क्षेत्रमा सरकार असफल देखिएका कारण देश अहिले घोर अराजकतामा फँसेको छ । सरकार संचालनमा असफल तथा देवत्व प्राप्त गरेको अहंकारले प्रधानमन्त्री केपी शर्मा ओलीलाई निरंकूश बनाएको प्रष्ट छ । यो निरंकूशता देशको लागि स्वस्थकर छैन । यसले देशलाई ठूलो दुर्घटनामा जाक्ने सम्भावना देखिन्छ । *मधेश दर्पण फिचर सेवा*

# दलितमाथि भएका घटनाको छानबिन गर्न मन्त्रीको संयोकत्वमा समिति

जनकपुर, १७ भदौ (रासस) ।

प्रदेश नं २ मा पछिल्लो समयमा एकपछि अर्को दलितहरूमाथि भएका घटनाबारे छानबिन गर्नका लागि आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र यादवको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरिएको छ । मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार बसेको जातीय विभेद तथा छुवाछूत अनुगमन समितिको पहिलो बैठकले सो छानबिन समिति गठन गरेको हो ।

उक्त समितिमा प्रमुख प्रतिपक्षी दल नेकपाका सचेतक एवम् अनुगमन समितिका सदस्यसमेत रहनुभएका सुन्दर विश्वकर्मा, प्रदेशसभा सदस्य सुनितादेवी मोची, प्रमिलादेवी दास र प्रदेश प्रहरीका प्रमुख सदस्य सचिव रहनुभएका छन् । सो छानबिन समितिले प्रदेशअन्तर्गत रौतहटलगायत विभिन्न जिल्लामा दलितमाथि घटेका घटनाको सम्बन्धमा छानबिनका लागि १५ दिनको समय निर्धारण गरिएको छ । यस प्रदेशले दलित माथिको भेदभाव अन्तका लागि प्रदेशसभाले पारित गरेको 'दलित सशक्ति ऐन' अनुसारको कार्य प्रदेश सरकारले प्रारम्भ गरेको हो ।

त्यसैगरी बैठकले लकडाउनमा खाना नपाएर मृत्यु भएका सप्तरीका मलर सदा र विराटनगरमा उपचारको रकम तिर्न नसकी अस्पतालमा बन्धक बनेका भुटाई सदाको परिवारलाई रु एक लाख ५० हजारको दरले आर्थिक सहयोगका लागि प्रदेश सरकारमा सिफारिस गर्ने निर्णयसमेत गरेको छ । साथै रौतहटमा हत्या भएका निरञ्जन राम र मित्रादेवी बैठाको परिवारलाई समेत आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरेको छ ।

मुख्यमन्त्री राउतको अध्यक्षतामा रहेको अनुगमन समितिमा आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्रकुमार यादव, सामाजिक विकासमन्त्री नवलकिशोर साह, प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलित सदस्यहरू सुन्दर विश्वकर्मा, चमेलीदेवी दास, प्रमिलादेवी दास, फुलियादेवी सदाय, रवीन्द्र बैठा, सुनितादेवी मोची, श्यामपरीदेवी राम, मुख्य न्यायाधिवक्ता दीपेन्द्र झा र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव रुपेश साह सदस्यसचिव रहनुभएको छ ।

# पचास हजार टन युरिया मल उपलब्ध गराउन नेपालको बङ्गलादेशसँग आग्रह

काठमाडौँ, १७ भदौ (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओली र बङ्गलादेशका प्रधानमन्त्री शेख हसिनाबीच बुधवार टेलिफोनमा कुराकानी भएको छ। त्यस क्रममा प्रधानमन्त्री ओलीले पचास हजार टन युरिया मल पैँचोस्वरुप बालीको यही याममा उपलब्ध गराउन बङ्गलादेशसँग आग्रह गर्नुभयो।

प्रधानमन्त्री ओलीले बङ्गबन्धु शेख मुजिबुर रहमानको जन्मशताब्दीका अवसरमा प्रधानमन्त्री हसिना, बङ्गलादेश सरकार र त्यहाँका जनतामा हार्दिक बधाई ज्ञापन गर्नुभएको परराष्ट्र मन्त्रालयले बताएको छ। दुवै प्रधानमन्त्रीले ऊर्जा उत्पादनमा सहयोग, विद्युत् जडान सञ्जाल निर्माण तथा नेपालबाट बङ्गलादेशतर्फ विद्युत् प्रवाहसहित साझा चासोका विविध विषयमा विचार आदानप्रदान गर्नाका साथै दुई देशबीच सन्तुलित अवरोधरहित सन्तुलित व्यापार प्रवर्द्धन, नेपालका लागि सुव्यवस्थित पारवहन सुविधा, सुदृढ सम्पर्क सञ्जाल तथा पर्यटन प्रवर्द्धनबारे छलफल भएको उक्त मन्त्रालयले जनाएको छ।

बङ्गलादेशको रोहनपुरदेखि भारतको सिंहवादसम्म नयाँ रेलमार्ग उपलब्ध गराएकामा प्रधानमन्त्री ओलीले आफ्ना बङ्गलादेशी समकक्षीप्रति आभार व्यक्त गर्नुभयो।

आफ्नो देशका सरकारबाट कोभिड-१९ महामारीविरुद्ध भएका प्रयास र अनुभव साटासाट गर्दै दुवै प्रधानमन्त्रीले कोभिडका कारण उत्पन्न सङ्कटको सामनाका निम्ति सहयोग बढाउन सहमति जनाउनुभयो। महामारी रोकथामका लागि बङ्गलादेशले चालेका कदमको सराहना गर्दै प्रधानमन्त्री ओलीले बङ्गलादेशमा रहेका नेपाली नागरिकलाई अहिलेको कठिनावस्थामा सहयोग गरेकामा बङ्गलादेश सरकारप्रति कृतज्ञता व्यक्त गर्नुभयो।

बङ्गलादेशका प्रधानमन्त्रीले कोरोना भाइरसको फैलावट रोकथामका निम्ति नेपाल सरकारबाट भएका प्रभावकारी प्रयासको प्रशंसा गर्नुभएको उक्त मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। प्रधानमन्त्री ओलीले पाँच हजार थान रिमेडेसिभिर सुई, अत्यावश्यक औषधि र चिकित्सा सामग्री नेपाललाई प्रदान गरेकामा प्रधानमन्त्री हसिनामा कृतज्ञता व्यक्त गर्नुभयो।

बङ्गलादेश अधिक खाद्यान्न बचत गर्न सफल राष्ट्र भएकामा प्रधानमन्त्री ओलीले प्रधानमन्त्री हसिनालाई बधाई दिँदै आन्तरिक खपत तथा निर्यातका खातिर नेपालले कृषि उत्पादन वृद्धिका प्रयासबारे अवगत गराउनुभयो। कृषि क्षेत्रमा बङ्गलादेशले हासिल गरेको सफलताको गाथाबाट नेपाल लाभान्वित हुन सक्ने प्रधानमन्त्री ओलीले बताउनुभयो। बालीको यही याममा नेपाललाई मल आपूर्ति गर्न प्रधानमन्त्री ओलीले गर्नुभएको आग्रहलाई प्रधानमन्त्री हसिनाले सकारात्मक रूपमा लिनुभएको छ।

नेपालमा भएको बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) शिखर सम्मेलनको स्मरण गर्दै दुवै प्रधानमन्त्रीले आर्थिक विकास र समृद्धिका लागि क्षेत्रीय सहयोग बढाउने सम्बन्धमा पनि छलफल गर्नुभयो।

बङ्गलादेशका राष्ट्रपतिबाट गत वर्ष सफलतापूर्वक भएको नेपालको भ्रमणको सम्झना पनि प्रधानमन्त्री ओलीले गर्नुभयो। द्विपक्षीय सम्बन्धलाई पारस्परिक लाभका खातिर मजबुत तुल्याउन उच्चस्तरीय भ्रमण आदानप्रदानको महत्वमा दुवै प्रधानमन्त्रीले जोड दिनुभयो।

# सर्प पालन एवं एन्टी स्नेक भेनम उत्पादन गर्न रु ७२ करोड अनुदान

सर्लाही, १७ भदौ (रासस)।

सर्लाहीको लालबन्दी नगरपालिका–६ मा स्थापना भएको 'झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान'ले यहाँका साढे ८ विघा जमिनमा विषालु सर्प पाल्ने भएको छ।

प्रतिष्ठानको सर्प पालन एवं एन्टी स्नेक भेनम उत्पादन परियोजनाका लागि सङ्घीय सरकार, प्रदेश नं २ सरकार र लालबन्दी नगरपालिकाले रु ७२ करोड अनुदान उपलब्ध गराउने भएको छ। यसका लागि प्रतिष्ठानले तीन वटै तहको सरकारसँग सम्झौता गरिसकेको प्रतिष्ठानका अध्यक्ष रेवती पन्तले बताउनुभयो।

सर्पको विष उत्पादन गरेर शुरुमा भारत सप्लाई गर्ने र पछि स्वदेशमै ल्याब स्थापना गर्ने प्रतिष्ठानको योजना छ। विषालु सर्पले टोकेर नेपालको तराई क्षेत्रमा वर्षेनी धेरै मानिसको ज्यान जाने गरेको छ। सर्पले टोकेको बिरामीलाई बचाउन प्रयोग गरिने 'एन्टी स्नेक भेनम' सर्पकै विषबाट बनाइन्छ। अहिलेसम्म नेपालले 'एन्टी स्नेक भेनम' उत्पादन गर्न सकेको छैन र सर्पदंशको उपचारमा भारतसँग निर्भर हुनु परिरहेको छ।

नेकपाका वरिष्ठ नेता झलनाथ खनालका नाममा खुलेको सो प्रतिष्ठानले सर्लाहीको लालबन्दी नगरपालिका-१ मा साढे ८ विघा जग्गा खरीद गरेर त्यहाँ विषालु सर्प पाल्ने तयारी अगाडि बढाएको अध्यक्ष पन्तले जानकारी दिनुभयो। उहाँका अनुसार सर्प पाल्नका लागि प्रतिकट्ठा रु साढे ३ लाखका दरले टेण्डरमार्फत खरिद गरिएको उक्त जग्गामा तीनै तहका सरकारको लगानी छ। सम्झौताबमोजिम 'एन्टी स्नेक भेनम' उत्पादनका लागि जग्गा खरिद गरी भवनसमेत बनाउन लागिएको अध्यक्ष पन्तले बताउनुभयो। असोज अन्तिमसम्म भवन निर्माणको ठेक्का लागिसक्ने उहाँको भनाइ छ। उहाँका अनुसार अबको दुई वर्षभित्र भवन लगायतका सबै संरचनाहरु बनिसक्ने र सर्पको विष उत्पादन हुन थाल्ने छ। शुरुमा उत्पादित विष भारतको ल्याबमा पठाएर 'एन्टी स्नेक भेनम' बनाइने र त्यसपछि नेपालमै ल्याब बनाइने योजना रहेको अध्यक्ष पन्तले बताउनुभयो।

पूर्वप्रधानमन्त्री झलनाथ खनालले २०७० सालको संविधानसभाको चुनाव सर्लाहीबाट पनि लडेका थिए। नेता खनालको चुनावी प्रचारप्रसारका क्रममा विषालु सर्पले टोकेर उपचार नपाई एकजनाको मृत्यु भएको थियो। नेता खनालले सर्लाहीको चुनाव प्रचारका क्रममा उक्त घटना बारे थाहा पाउनुभयो। त्यही घटनाबाट उत्प्रेरित भई नेपालमा सर्प पालन गर्ने र 'एन्डी स्नेक भेनम' बनाउने मुख्य उद्देश्य राखेर २०७१ सालमा 'झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान'को स्थापना भयो। अहिले नेकपा सर्लाहीका अध्यक्ष रेवती पन्तलाई प्रतिष्ठानको अध्यक्षको जिम्मेवारी दिइएको छ।


# कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**

**शाखा : सिंहदरबार परिसर**

**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**

**खाता नं.: १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## विश्व समाचार

### विश्वमा एक करोड ८२ लाख भन्दा बढी कोरोना भाइरस संक्रमण मुक्त

जेनेभा, स्वीट्जरल्याण्ड, १७ भदौ (रासस/एएफपी)।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले बुधबार साँझसम्म दिएको जानकारीअनुसार विश्वमा कोरोना भाइरस सङ्क्रमित एक करोड ८२ लाख १७ हजार ९४ व्यक्ति कोरोना मुक्त भएका छन्।

यद्यपी विश्वमा दुई करोड ५९ लाख ३५ हजार ५११ जना कोरोना भाइरस सङ्क्रमित भएका डब्लुएचओले जनाएको छ।

सो संगठनकाअनुसार बुधबारसम्म विश्वभरी कोरोना भाइरस सङ्क्रमणबाट आठ लाख ६१ हजार ९०० जनाको मृत्यु भएको छ।

हाल विश्वमा ६८ लाख ५६ हजार ५१७ व्यक्ति कोरोना भाइरस सङ्क्रमित रहेका उनीहरुको उपचार भइरहेको पनि सो संगठनले जानकारी दिएको छ। सङ्क्रमितहरु मध्ये ६१ हजार ५३३ जनाको अवस्था गम्भीर रहेको जनाएको छ।

चीनको हुवे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण संयुक्त राज्य अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ।

कोरोना भाइरसबाट अन्त्यत प्रभावित दश ओटा देशहरुको डब्लुएचओद्वारा प्रकाशित तथ्याङ्क यी रहेका छन्।

अमेरिकामा ६२ लाख ५८ हजार २८ जनामा कोरोना भाइरसका सङ्क्रमित रहेका छन्। यहाँ ३४ लाख ५७ हजार ४३१ जना कोरोना भाइरस मुक्त भएका छन् भने एक लाख ८८ हजार ९०७ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ।

ब्राजिलमा ३९ लाख ५२ हजार ७९० जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ ३१ लाख ५९ हजार ९६ कोरोना भाइरस मुक्त भएका छन् भने एक लाख २२ हजार ६८१ जनाको मृत्यु भएको छ।

भारतमा ३७ लाख ७३ हजार ४८३ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ २९ लाख २ हजार ९६ कोरोना भाइरस मुक्त भएका छन् भने ६६ हजार ४९१ जनाको मृत्यु भएको छ।

रुस १० लाख ५ हजार जना कोरोना भाइरस सङ्क्रमित रहेका छन। यहाँ आठ लाख २१ हजार १६९ कोरोना भाइरस मुक्त भएका छन् भने १७ हजार ४१४ जनाको मृत्यु भएको छ।

पेरुमा छ लाख ५७ हजार १२९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ। यहाँ चार लाख ७१ हजार ५९९ जना कोरोना भाइरस मुक्त भएका छन् भने २९ हजार ६८ जनाको मृत्यु भएको छ।

दक्षिण अफ्रिकामा छ लाख २८ हजार २५९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ। यहाँ पाँच लाख ४९ हजार ९९३ कोरोना भाइरस मुक्त भएका छन् भने १४ हजार २६३ जनाको मृत्यु भएको छ।

कोलम्बिया छ लाख २४ हजार ६९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ। यहाँ चार लाख ६९ हजार ५५७ कोरोना भाइरस मुक्त भएका छन् भने २० हजार ५२ जनाको मृत्यु भएको छ।

मेक्सिकोमा छ लाख छ हजार ३६ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ। यहाँ चार लाख २१ हजार ३७३ कोरोना भाइरस मुक्त भएका छन् भने ६५ हजार २४१ जनाको मृत्यु भएको छ।

स्पेनमा चार लाख ७० हजार ९७३ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने २९ हजार १५२ जनाको मृत्यु भएको छ।

अर्जेन्टिना चार लाख २८ हजार २३९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ। यहाँ तीन लाख आठ हजार ३७६ कोरोना भाइरस मुक्त भएका छन् भने आठ हजार ९१९ जनाको मृत्यु भएको छ।

### भारतमा कोरोना सङ्क्रमित पत्रकारको मृत्यु

महाराष्ट्र, पुणे, १७ भदौ (रासस/एएनआई)।

भारतको पुणेमा एकजना कोरोना सङ्क्रमित पत्रकारको ज्यान गएको बताइएको छ।

उनलाई कोरोना उपचार केन्द्रमा राखिएको थियो। तर उनका परिवारले भने कारोनाको उपचार गराइरहेका पत्रकारको चिकित्सकले राम्रो हेरविचार नगरेका कारण ज्यान गएको बताएका छन्।

पत्रकार पान्दुरन र्‍याकरको कोभिड १९ भए पनि राम्रो उपचार तथा हेरचाह हुन नसक्दा ज्यान गएको परिवारका सदस्यले जनाएका छन्।

कोभिडको उपचार केन्द्रमा राखिएका उनलाई सो केन्द्रमा राम्रो स्वास्थ्य उपचार सहुलियत नरहेको र उनको अवस्था निकै गम्भीर भएपछि एम्बुलेन्स बोलाउन भनेको भए पनि उपलब्ध हुन नसकेको बताएका छन्।

सो उपचार केन्द्रमा सामान्य हेरचाह मात्र गर्ने गरिएको र त्यसलाई एक क्वारेन्टिनका रुपमा मात्र राखिएको ती पत्रकारका परिवारका सदस्यहरुले जनाएका छन्।

पत्रकार र्‍याकरलाई निकै अप्ठेरो भएपछि एम्बुलेन्स मगाइएको तर समयमा उपलब्ध हुन नसकेको परिवारका सदस्यले जनाएका छन्। उनलाई अक्सिजनको आवश्यकता परेको तर अस्पतालको बेड उपलब्ध हुन नसक्दा अक्सिजन प्राप्त पनि नभएको परिवारका सदस्यले जनाएका छन्।

उनीहरुले सो केन्द्रमा स्वास्थ्य हेरचाहको अवस्था राम्रो नभएकाले यसअघि पनि केही दिनमात्र अघि एकजनाको ज्यान गएको भन्दै थप स्वास्थ्य सुविधाका लागि आग्रह गरेका हुन्।

# धानवालीको बिमा गराउन पालिकाले सहयोग गर्ने : अध्यक्ष सिंह



**दैनिक समाचारदाता**
**राजविराज, १७ भदौं ।**

सप्तरीको तिलाठी कोईलाडी गाउपालिका अध्यक्ष सतिश कुमार सिंहले किसानहरुलाई आउँदो दिनमा धानवालीको बिमा गराउन पालिकाले सहयोग गर्ने बताएका छन् ।

बालीको क्षति हुन नदिन र क्षति भएमा गराइएको बिमाबाट त्यसवापत क्षतिपूर्ती उपलब्ध हुने प्रावधान भएकाले किसानहरुले बिमा गराउनेतर्फ ध्यान पुऱ्याउनु पर्ने उनको भनाई छ ।

स्थानिय तोपा बजारमा कलश कृषी सहकारी संस्थाको उद्घाटन गर्ने क्रममा अध्यक्ष सिंहले कृषि सहकारीको माध्यमबाट संस्था खोलेर मात्र नहुने भन्दै सही तरिकावाट संचालन गर्नु पर्ने आबश्यकता रहेको बताए ।

सो अवसरमा वडा अध्यक्ष लक्ष्मी प्रसाद मण्डल, खानेपानी डिभिजन कार्यालय पुर्व कार्यालय प्रमुख शैलेश झा, कृषि सेवा केन्द्र संयोजक उदयकान्त झा, संचालक समिति सदस्य भरत मण्डल, संस्थाका कोषाध्यक्ष ध्रुव कुमार देव, पत्रकार चन्दन यादब लगायतले शुभकामना मन्तव्य दिएका थिए ।

# भन्सार छलेर लैजादै गरेको सामानसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १७ भदौं ।**

भन्सार छलेर विभिन्न सरसामान ओसारपोसार गर्दै गर्दा प्रहरीले दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार भारतबाट भन्सार छलि अवैध रुपमा मोटरसाइकलमा बोकेर ल्याउँदै गर्दा बुधबार बिहान १ सय ९० पोका सूर्तीसहित सप्तरीको शम्भुनाथ नगरपालिका ३ निवासी राजदेव साह पक्राउ परेका छन् ।

उनीसँगै रहेका अर्का एक तस्कर भने मोटरसाइकल छाडेर भागेका छन् । गस्तिमा खटेको प्रहरी टोलीले रुपनी गाउँपालिकाको छ्पिक भतौल सडकखण्डमा चेक जाँचको क्रममा साहलाई अवैध सूर्तीसहित पक्राउ गरेको हो । घटनास्थलबाट प्रहरीले बा.२२प. ५१६८ तथा प्र.०२-०४१ प.९४६ नम्बरको मोटरसाइकल समेत नियन्त्रणमा लिएको छ ।

यस्तै भारतबाट भन्सार छलेर ल्याएको १ सय ६० थान रेडिमेड कपडासहित राजविराज नगरपालिका १२ का प्रेमप्रसाद यादवलाई प्रहरीले पक्राउ गरेको छ । बुधबारै बिहान जिल्लाको बोदेबसाईन नगरपालिका ८ तथा छिन्नमस्ता गाउँपालिका ४ मा तीन वटा साइकलमा लोड गरि भारततर्फ लैजाँदै गरेको अवस्थामा ६ बोरा हरियो मटर प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रहरीलाई देखेर तस्कर साइकल छाडेर भागेको बताइएको छ । अवैध कारोबारमा संलग्न व्यक्तिलाई बरामद सामानसहित बेल्हीस्थित राजविराज भन्सार कार्यालयमा बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# कोशी पीडित समाजद्वारा बार्षिक समीक्षा बैठक सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, १७ भदौं ।**



कोशी पीडित समाज सप्तरीले बार्षिक कार्ययोजना तथा गतिबिधि, रण्निति वारेमा समीक्षा गरेको छ ।

बुधवार कोशी पीडित समाज जिल्ला परियोजना सल्लाहाकार समितिका अध्यक्ष तथा जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादबको अध्यक्षतामा समीक्षा बैठक सम्पन्न गरेको हो ।

संस्थाले कोशी र बाढीवाट प्रभावित जिल्लाको तिलाठीकोईलाडी गाउपालिका, हनुमाननगर कंकालनी नगरपालिका, सप्तकोशी नगरपालिका, कंचनरूप नगरपालिका, र तिरहुत गाउपालिकामा कार्यक्रम संचालन गर्दै आएको छ ।

सो अवसरमा तिलाठी कोईलाडी गाउपालिका अध्यक्ष सतिश कुमार सिंहले केभिएसले कृषितर्फ किसानलाई बिमा गराउन सक्रिय भुमिका खेल्नुपर्नेमा जोड दिए ।

केभिएसका निर्देशक देव नारायण यादबले कोशी प्रभाबित क्षेत्रका स्थानियहरूको जिविकोपार्जन तथा उनीहरूलाई बाढी पुर्व र वाढी पश्चात अपनाउनु पर्ने सतर्कता तथा महिला लाई सशकतीकरण, कृषीमा लगानी जस्ता कार्यक्रम गर्दै आएको बताए ।

सो अवसरमा तिलाठीकोईलाडी गाउपालिका अध्यक्ष सतिश कुमार सिंह, तिरहुत गाउपालिका अध्यक्ष हेमन्त कुमार यादब, जिल्ला स्वास्थ कार्यालयका प्रमुख दुनियालाल यादब, कृषि ज्ञान केन्द्रका प्रमुख राजेन्द्र प्रसाद यादब, कोशी पीडित समाजका निर्देशक देव नारायण यादब, बन डिभिजन कार्यालयका उमेश कुमार यादव लगायतले बार्षिक कार्ययोजना तथा गतिबिधि वारे प्रोजेक्टले गरेको काम र कर्तब्य वारेमा छलफल गरिएको थियो ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सावर्जनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री -उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- **कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।**
- **संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।**

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- **खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।**
- **समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।**
- **खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।**
- **आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।**

**आरो ध्यान देववाला बात :**

- **बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।**
- **कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।**
- **डेराऊ नहिं, सतर्क रहू।**

# छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS MONEY TRANSFER, Best Remit Quick & Easy, PRABHU Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*